# काठमाडौं महानरपालिका

## सम्पदा तथा पर्यटन विभागको आयोजनामा

स्वर्णिम योजना, सांस्कृतिक महानगर अन्तर्गत काठमाडौं महानगर स्तरीय नेपालभाषामा

**मचा म्ये धें धें बल्ला कासा-११४४**

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काठमाडौं प्लाजा, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

## नियम

१ **मचा म्ये धें धें बल्ला कासा-११४४** मा प्रतियोगिता हुने दिन सम्म उमेर १५ वर्ष ननाघेका बाल/बालिकाले भाग लिन पाउनेछन् ।

२ प्रतियोगीहरुले नेवाः संस्कृति र प्रकृतिसंग सम्बन्धित नेपालभाषाको गीत गाउनु पर्नेछ । गीत नयाँ पुरानो मध्ये आफुलाई मनपर्ने गीत रोज्न सकिनेछ । प्रतियोगितामा जम्मा २५ वटा गीत सहभागी गराइनेछ । २५ भन्दा बढी गीत दर्ता हुन आएमा अडिशनद्वारा कमजोर गीत हटाइने छ ।

३ अडिशन र प्रतियोगितामा प्रतियोगीले ट्राय्कमा गीत गाउनु पर्नेछ । ट्राय्क तयार गर्ने जिम्मा प्रतियोगी कै हुनेछ । अडिशन गर्नु परेमा सुचना दिइनेछ ।

४ प्रतियोगी काठमाडौं महानगरवासी नै हुनुपर्नेछ । प्रतियोगी आ-आफ्नो परम्परागत गरगहना र पोसाकमा हुनुपर्नेछ ।

५ प्रतियोगितामा सहभागी हुनको लागि संलग्न **दुतिना फाराम** भरी जन्मदर्ता प्रमाणपत्रको फोटोकपि, गीतको शब्द (Lyrics) साथै सम्बन्धित वडा कार्यालयको सिफारिस सहित आगामी मिति २०८१ जेष्ठ २८ गते भित्र काठमाडौं महानगरपालिका, सम्पदा तथा पर्यटन विभाग, कमलादीमा कार्यालय समय (बेलुकी ५ बजे) भित्र दर्ता गर्नुपर्नेछ ।

६ **प्रतियोगिता** ने.सं. ११४४ तछलाथ्व नवमि (२०८१ असार १ गते) राष्ट्रिय सभागृहको हलमा विहान ११:३० मा शूरु हुनेछ । प्रतियोगी प्रतियोगीता शुरु हुने १ धण्टा अगावै उपस्थित हुनुपर्नेछ ।

७ प्रतियोगितामा प्रथम हुने प्रतियोगीलाई पुरस्कार स्वरुप नगद रु. ५५,५५५।- (पचपन्न हजार पाँचसय पचपन्न मात्र); शिल्ड (चाँदीको माइक) र प्रमाणपत्र प्रदान गरिनेछ । द्वितीय हुने प्रतियोगीलाई पुरस्कार स्वरुप नगद रु. ३३,३३३।- (तेतीस हजार तीनसय तेतीस मात्र), शिल्ड (चाँदीको माइक) र प्रमाणपत्र प्रदान गरिनेछ । तृतीय हुने प्रतियोगीलाई पुरस्कार स्वरुप नगद रु. २२,२२२।- (बाइस हजार दुईसय बाइस मात्र), शिल्ड (चाँदीको माइक) र प्रमाणपत्र प्रदान गरिनेछ । सहभागी सबै प्रतियोगीहरुलाई सान्त्वना पुरस्कार स्वरुप रु. १०,०००।- (दश हजार मात्र) को दरले सहयोग उपलब्ध गराइनेछ ।

८. प्रतियोगितामा कुनै विवाद भएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**थप जानकारीको लागि**
धर्म मुनिकार ९८४१३८१७८३
सहायक निर्देशक एवं फोकल पर्सन -सांस्कृतिक महानगर
सम्पदा तथा पर्यटन विभाग